नीति छलफल पत्र - ७ /२०१४

# दलित सम्बन्धी नीति र अभ्यासमा अन्तरविरोध

भोला पासवान

एलायन्स फर सोसल डायलग
नीति अध्ययन फेलोसिप २०१४
नोवेम्बर २०१४
www.asd.org.np

Alliance for Social Dialogue

# विषयसूची


सारांश 3

परिचय 4

अध्ययन विधि 6

अन्तरविरोध 6

१. दलित सवाल सम्बन्धी नीतिमा अन्तरविरोध 7

क. दलित जातिको सूचीमा अन्तरविरोध 9

ख. दलित जातीय अनुसूचीको आधिकारिकतामा अन्तरविरोध 13

ग. आरक्षित कोटा रिक्त भए पदपूर्ति गर्नेमा अन्तरविरोध 14

२. दलित सम्बन्धी नीति अभ्यासको अन्तरविरोध 17

निष्कर्ष 19

सुझाव 21

१. सरकारलाई 21

२. राष्ट्रिय दलित आयोग र विकास समितिलाई 22

३. दलित नागरिक समाजलाई 22

सन्दर्भ सामग्री 23

# दलित सम्बन्धी नीति र अभ्यासमा अन्तरविरोध


## सारांश

२००७ सालदेखि अहिलेसम्मको दलित सवाल उपर सम्बोधन गर्न भनेर थुप्रै नीतिहरू आएका देखिए पनि तिनको कार्यान्वयनबारे सरोकारवाला निकायको खासै चासो रहेको देखिँदैन । विभिन्न संघसंस्थाहरूबाट दलितहरूको सवालसँग सम्बन्धित केही अध्ययन भएपनि, ती अध्ययनहरूमा नीतिहरूको आलोचनात्मक विश्लेषणभन्दा पनि दलितसँग सम्बन्धित कार्यक्रमहरू केन्द्रित देखिन्छ ।

दलित सवालबारे संवैधानिक प्रावधान, ऐन, कानुनी नीति कस्ता छन् र तिनीहरूबीच अन्तरविरोध के छ, नीतिगत व्यवस्था र त्यसको व्यावहारिक अभ्यासमा कस्ता अन्तरविरोधहरू छन् भन्ने विषयलाई केन्द्रमा राखेर यो अध्ययन गरिएको हो ।यस अध्ययनले मधेशको कोटामा मधेशी दलितले मधेसी र दलितसंग प्रतिस्पर्धा गर्न नसक्ने देखाउँछ । मधेशी दलित समग्र दलित कोटाबाट छनोट हुने कि मधेशी कोटाबाट भन्नेमा अन्यौल छ । एउटै नीतिमा विपन्नको परिभाषामा समेत एकरूपता नभएबाट सरकारी उदासीनता देखिन्छ । सबै जातजातिको आधिकारिक तथ्यांक राख्ने तथ्यांक विभाग र दलित आयोगको सूची फरक-फरक रहेकोले दलितको जनसंख्यासमेत असमान देखिन आएको छ ।

सरकारी निकायपिच्छे दलित सूची फरक-फरक हुनाको कारण कुन सूचीलाई आधिकारिक मान्ने भन्ने अन्यौल सिर्जना भएको छ । दलितको आधिकारिक सिफारिस दलित आयोगबाट हुनुपर्नेमा त्यसो नहुँदा जिल्ला प्रशासनबाट धेरै पटक गलत व्यक्तिहरूको नाम सिफारिस हुन गई सेवासुविधाको दुरुपयोग हुन गएको छ । नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरूले एक आपसमा समन्वय नगरी नीतिहरू बनाउने र कार्यान्वयन गर्ने परिपाटीले गर्दा आपसमा बाझिएका कुराहरूलाई सच्चाई एकरूपता दिने काम हुन सकेको छैन । त्यसले गर्दा जुन उद्देश्यले सकारात्मक विभेदको आधारमा दलित समुदायका लागि सेवा सुविधा दिइएको हो त्यस लक्षित वर्गले लाभ उठाउन नसकिरहेको अवस्था छ ।


यो नीति छलफल पत्र एलायन्स फर सोसल डायलग (एएसडी)को नीति अध्ययन फेलोसिप कार्यक्रम २०१४ को उत्पादन हो । अन्य नीति अध्ययन छलफल पत्रहरु www.asd.org.np मा उपलब्ध छन् । यस छलफलपत्र सँग सम्बन्धित केहि प्रश्न भएमा लेखकलाई bhola.raj2008@gmail.com मा सम्पर्क गर्न सकिन्छ । प्रस्तुत छलफलपत्रमा उल्लेखित विचार, विश्लेषण र निष्कर्षहरु लेखकका निजी हुन् र यसमा एएसडी सहमत नहुन पनि सक्छ ।

## परिचय

संवत् २०६२/०६३ सालको जनआन्दोलनपछि राज्यको पुनर्संरचना गरी राज्यका सबै क्षेत्रमा सबैको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने विषय सामाजिक न्यायको मागका रूपमा उठेको पाइन्छ। त्यस जनआन्दोलनका साथै मधेशी, आदिवासी जनजाति, दलित आदि आन्दोलनबाट परेका दबाबले अन्तरिम संविधान २०६३ मा समावेशीकरणलाई आत्मसात् गरियो। वि.सं. २०६४ चैत २८ मा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनदेखि नै मिश्रित निर्वाचन प्रणाली स्वीकार गरियो। त्यसरी अँगालिएको मिश्रित निर्वाचन प्रणालीका कारण ६०१ सदस्यीय पहिलो संविधानसभामा ५१ जना र दोस्रो संविधानसभामा ४२ जनाले दलितले प्रतिनिधित्व गर्ने अवसर पाए (विश्वकर्मा २०७०: ७४)।

अन्तरिम संविधानको भावना अनुसार २०६४ सालमा निजामती सेवा नियमावली २०४९ दोस्रो संसोधन भएबाट निजामती सेवामा महिला, दलित, मधेशी, अपांग र पिछडिएका क्षेत्रका बासिन्दाहरूको समावेशीकरण गर्नका लागि सरकारी सेवामा आरक्षण लागू भइसकेको छ। त्यसैगरी सेना, प्रहरी र शैक्षिक क्षेत्रमा समेत आरक्षण क्रमशः लागू हुँदै गएको छ। छुवाछूत अन्त्यका लागि जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ पारित भई सो कार्यान्वयनमा आइसकेको छ। तैपनि दलित समुदायको दृष्टिमा दलितका सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरू उपर अझै सम्बोधन हुन सकेको छैन। दलित समुदाय आफ्ना मागहरू पूरा गराउनका लागि प्रयासरत छन्। दलित संगठनहरू राज्यको सबै क्षेत्रमा दलितहरूको समानुपातिक सहभागिता र विशेषाधिकारका लागि पैरवी गरिरहेका छन्।

राज्यले दलितहरूको प्रतिनिधित्वका लागि समानुपातिक प्रतिनिधित्वको सिद्धान्त लागू गर्न खोजेको हो कि आरक्षणको भन्नेबारे अन्तरिम संविधानमा गरिएको व्यवस्था नै विरोधाभाषपूर्ण छ।[१] यसले गर्दा राज्य र दलित, मधेशी लगायतका सरोकारवाला निकायबीच प्रतिनिधित्वको सवालमा मतभिन्नताहरू रहेका देखिन्छन्। राज्यले समानुपातिक प्रतिनिधित्व अथवा आरक्षण लागू गर्दा कुन समुदायलाई केको आधारमा कसरी प्रतिनिधित्व गराउने भन्ने सवालमा अन्तरिम संविधानमा थुप्रै ठाउँमा विरोधाभाषपूर्ण व्यवस्थाहरू रहेका पाइन्छन्।

नेपालमा २०४६ साल अघिसम्म दलित अधिकारलाई संरक्षण दिने ठोस नीतिहरू बनेका थिएनन्। यद्यपि, दलितमाथि हुने भेदभावका सन्दर्भमा केही सामान्य प्रावधानहरू बनाइएका थिए। अन्तरिम शासन विधान २००७ को धारा १५, नेपाल अधिराज्यको संविधान २०१५ को धारा ४ र २०१९ सालमा राजा महेन्द्रद्वारा जारी गरिएको नेपालको संविधानको धारा १० मा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जातजातिमध्ये कुनै

---

१ अन्तररिम संविधान २०६३ मा कतै महिला, दलित, आदिवासी-जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपांग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडित त कतै मधेशी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्र लगायतका जनताको त कतै महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुर-आदिवासी जनजाति, मधेशी, दलित लगायत सिमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानका त कतै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपांग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितलाई आरक्षण, विशेष व्यवस्था तथा समानुपातिक सहभागिताको हक हुने उल्लेख छ। अन्तरिम संविधान २०६३ मा आरक्षण वा समानुपातिक कोटा पाउने समूहको पहिचानमा अन्तरविरोध रहेको पाइन्छ। कुन समूहलाई केको आधारमा आरक्षण, विशेष व्यवस्था वा समानुपातिक सहभागिता गर्न खोजिएको हो अन्तरिम संविधानमा त्यो प्रष्ट छैन।

कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरिएको थियो । त्यसैगरी वि.सं. २०२० भदौ १ गते जारी गरिएको नयाँ मुलुकी ऐनले नेपालमा जातीय भेदभाव र छुवाछूत प्रथाको अन्त्य गर्ने घोषणा गरेको थियो ।[२]

नीतिगत रूपमा वि.सं. २००८ सालमा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर राणाले ५ करोड रुपियाँको बजेट पेश गरी 'बजेट चलन'को सुरुवात गरेका थिए । उक्त बजेटमा राजा महेन्द्रको हुकुमबाट दलितका लागि एक लाख रुपियाँ बिनियोजन गरिएको थियो (किसान, २०६८: ४) । यद्यपि, त्यस प्रयासले निरन्तरता भने पाउन सकेन ।

वि.सं. २०४६ देखि २०६२ को अवधिमा दलित सम्बन्धी नीतिहरू आउन सुरु भएको देखिन्छ (विश्वकर्मा २०६५: ३) । पहिलो पटक राजनीतिक दलका प्रतिनिधिहरूको संलग्नतामा निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ ले मुलुकमा छुवाछूत व्यवस्था कायम भएको स्वीकार गरी मौलिक हक अन्तर्गत धारा ११ को उपधारा १, २, ३, ४ मा दलितमाथि हुने भेदभावलाई कानुनी रूपमा दण्डनीय र सामाजिक रूपमा अमानवीय ठहर गर्‍यो । यद्यपि त्यसपछि पनि दलित समुदाय निरन्तर रूपमा भेदभावको सिकार भई नै रहे ।[३]

यस अवधिमा वि.सं. २०५४ मा दलित विकास समिति र २०५८ मा राष्ट्रिय दलित आयोग स्थापना गरी दलितहरूको संस्थागत विकास गर्न राज्यले पहल गरेको पाइन्छ । यद्यपि यी संस्थाहरू उद्देश्य अनुरूप सक्रिय हुन र साधनस्रोत सम्पन्न हुन सकेका छैनन् ।[४] संवत् २०४६ पछि राज्यले योजनगत विकास गर्न पनि केही प्रयास गरेको देखिन्छ । संवत् २०२८ मा दलितका लागि एक लाख रुपियाँ बजेट छुट्याइएको थियो । त्यसको करिब २५ वर्षपछि अर्थात् आठौं योजना (२०४९-२०५४) बाट दलित छात्रवृत्तिका लागि भन्दै ५ करोड रुपियाँ बिनियोजन गरिएको पाइन्छ (किसान, २०६८: ४) । त्यसपछि दलित सम्बन्धी नीतिहरू सबभन्दा बढी नवौं योजना (२०५४-२०५९) र दशौं योजना (२०५९-२०६४) आएका देखिन्छन् (विश्वकर्मा २०६५: ४)।

नवौं योजनाले दलित समुदायको उत्थानलाई लक्षित गरी केही कार्यक्रम ल्याए पनि त्यसले दलितको स्थितिमा अपेक्षित रूपमा सुधार आउन सकेन । त्यसैगरी दशौं योजनाले पनि गरिवी निवारणलाई प्रमुख जोड दियो । तर दलित गरिवीको मात्रा घट्न सकेन (पूर्ववत्) । यसप्रकार २००७ सालदेखि अहिलेसम्मको अवस्था हेर्दा दलित सवाल उपर सम्बोधन गर्न भनेर थुप्रै नीतिहरू आएका देखिए पनि तिनको कार्यान्वयनबारे सरोकारवाला निकायको खासै चासो रहेको देखिँदैनन् । न त यस विषयमा पर्याप्त अध्ययन अनुसन्धान नै हुन सकेको छ ।

हुन त दलितसँग सम्बन्धित नीतिहरूको अध्ययन नै नभएको चाहिं होइन । दलितहरूको समग्र विकासका लागि गठित राष्ट्रिय दलित आयोग, एक्सन एड नेपाल,केयर नेपाल र सेभ द चिल्ड्रेन यू.एस., सरकार,राष्ट्रिय योजना आयोगका लागि संयुक्त रूपमा सन् २००२ मा राष्ट्रिय दलित रणनीति प्रतिवेदन तयार गरेको पाइन्छ । त्यस्तै भोजमान लाम्गादे, बाबुराम विश्वकर्मा, यमबहादुर किसानले दलितसम्बन्धी नीतिहरूको विश्लेषण गरेको देखिन्छ ।

पछिल्लो पटक २०७० मा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, दलित महिला संघ र जागरण मिडिया सेन्टरले संयुक्त रूपमा नेपाल सरकारका दलित लक्षित नीति एवं कार्यक्रम र सामाजिक संरक्षण सम्बन्धी जानकारीहरूको सँगालो प्रकाशन गरेको थियो । यसरी विभिन्न संघसंस्थाहरूबाट दलितहरूको सवालसँग सम्बन्धित केही अध्ययन

---

२ २०२० साल भदौ १ गते जारी नयाँ मुलुकी ऐनले नेपालमा जातीय भेदभाव र छुवाछूत प्रथाको अन्त्य गर्ने कानुनी व्यवस्था गरेकोलाई दलित अध्येयताहरू भ्रमको रूपमा लिने गर्दछन् (किसानः २०६५, भट्टचन र अन्य २०६५: १) ।

३ पूर्ववत् ।

४ पूर्ववत् ।

भएको देखिन्छ। तर ती अध्ययनहरूमा नीतिहरूको आलोचनात्मक विश्लेषणभन्दा पनि दलितसँग सम्बन्धित कार्यक्रमहरू केन्द्रित देखिन्छ। कतिपय नीति-अभ्यास अध्ययनमा कस्तो अन्तरविरोध छ भन्ने कुरा दलितसँग सम्बन्धित कानुनहरूको मात्रै विश्लेषण गरिएको पाइन्छ। तसर्थ आजको बदलिंदो परिप्रेक्ष्यमा दलितसँग सम्बन्धित नीतिहरूको आलोचनात्मक विश्लेषण गरिनु सान्दर्भिक देखिन्छ। यस अध्ययनमा दलित सवालबारे संवैधानिक प्रावधान, ऐन, कानुनी नीति कस्ता छन् र तिनीहरूबीच अन्तरविरोध के छ, नीतिगत व्यवस्था र त्यसको व्यावहारिक अभ्यासमा कस्ता अन्तरविरोधहरू छन् भन्ने विषयलाई केन्द्रमा राखेर यो अध्ययन गरिएको हो।

यस अध्ययनमा दलितपक्षिय दृष्टिकोणबाट नेपालको अन्तरिम संविधान २०६३, निजि विद्यालयको छात्रवृत्तिसम्बन्धी नीति २०६९, छात्रवृत्ति सम्बन्धी नियामावली २०६३, निःशुल्क आधारभूत स्वास्थ्य सेवा सम्बन्धी नीति, विपन्न नागरिक औषधि उपचार राहतसम्बन्धी नीति, सामाजिक सुरक्षा सम्बन्धी नीति : जेष्ठ नागरिक, एकल महिला, कर्णाली क्षेत्र र ५ वर्षमुनिका दलित बालबालिका प्रोत्साहन नीति, आरक्षण सम्बन्धी नीति, निजामति सेवा, सेना, प्रहरी र शिक्षक सेवा आयोग, निर्वाचन सम्बन्धी नीति, वैदेशिक रोजगारी ऐन २०६४, श्रम तथा रोजगार नीति २०६२, उपेक्षित, उत्पीडित, दलित वर्ग उत्थान विकास समितिको छात्रवृत्ति सम्बन्धी नीति, राष्ट्रिय दलित आयोग दलित जातीय अनुसूची सम्बन्धी संवैधानिक व्यवस्था तथा तत्सम्बन्धी ऐन आदिलाई समेटिएको छ।

## अध्ययन विधि

यो मूलतः द्वितीय स्रोतको पुनरावलोकन आधारमा गरिएको अध्ययन हो र यसमा दलित सम्बन्धी राज्यका नीतिहरूको तुलानात्मक विश्लेषण गरिएको छ। ती राज्यले अंगीकार गरेको नीतिहरूबीचमा रहेका अन्तरविरोधहरू पत्ता लगाउन तिनको पुनरावलोकन गरिनु जरुरी हुन्छ। त्यस प्रयोजनका लागि शिक्षा, स्वास्थ्य, अर्थ, राष्ट्रिय योजना आयोग, राष्ट्रिय दलित आयोग र विभिन्न संघ/संस्थाहरूद्वारा प्रकाशित पुस्तक, प्रतिवेदन, वेवसाइट मार्फत नीतिहरू सम्बन्धी जानकारीहरू संकलन गरिएको छ।

नीति अभ्यासमा रहेका अन्तरविरोध पत्ता लगाउन उपेक्षित, उत्पीडित, दलित वर्ग उत्थान विकास समितिले आर्थिक वर्ष २०६७/०६८ देखि २०७०/०७१ सम्म वितरण गरेको छात्रवृत्तिलाई घटना अध्ययनको रूपमा लिएर त्यसको विश्लेषण गरिएको छ। निजामती सेवा नियमावली, २०५० मा आरक्षित कोटामा प्राथमिकता निर्धारण गर्ने सम्बन्धी नीति र त्यसको अभ्यासमा रहेको अन्तरविरोध हेर्नका लागि लोकसेवा आयोगले समावेशीतर्फ २०७१ वैशाखदेखि भदौसम्म निजामती सेवामा सिफारिस गरेको तथ्यांकलाई विश्लेषण गरिएको छ।

## अन्तरविरोध

यस अध्ययनमा अन्तरविरोधलाई दुई फरक दृष्टिकोणबाट विश्लेषण गर्न खोजिएको छ। पहिलो, अहिले राज्यले अवलम्बन गरेको दलित सम्बन्धी नीति अन्तर्गत राखिएको प्रावधानहरूलाई कार्यान्वित गर्दा सोही नीतिमा रहेको अर्को कुनै प्रवधानले असर वा बाधा पुऱ्याउँछ भने त्यसलाई नीतिमै रहेको अन्तरविरोधको रूपमा लिइएको छ। दोस्रो, दलित सवालसँग सम्बन्धी कुनै एउटा नीतिलाई कार्यान्वयनमा लैजाँदा अर्को नीतिमा गरिएको प्रावधानबाट बाधा पुऱ्याउँछ भने त्यसलाई नीतिबीचमा रहेको अन्तरविरोधको रूपमा लिइएको छ। तेस्रो, दलित सवालसँग सम्बन्धित नीतिहरूको उद्देश्य एउटा छ तर ती कार्यान्वयन अर्कै तरिकाले भइरहेको छ भने त्यसलाई नीति अभ्यासमा रहेको अन्तरविरोधको रूपमा हेरिएको छ।

## १. दलित सवाल सम्बन्धी नीतिमा अन्तरविरोध

अहिले दलित सवालसँग सम्बन्धित राज्यले बनाएको नीति अन्तर्गत राखिएका प्रावधानलाई कार्यान्वयनमा लैजाँदा सोही नीतिमा रहेको अर्को कुनै प्रवधानले असर वा बाधा पुऱ्याउँछ भने त्यसलाई यस अध्ययनमा नीतिमा रहेको अन्तरविरोधको विश्लेषण गरिएको छ ।

**तालिका १: नीतिमा अन्तरविरोध**

| नीति | अन्तरविरोध |
|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार, काठमाडौं | विपन्न दलित परिवारको परिभाषामा अन्तरविरोध |
| संविधान सभा सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७० | दलित प्रतिनिधित्व गराउने सवालमा अन्तरविरोध |
| छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० | मधेशी दलित कुन छात्रवृत्ति कोटामा छनोट हुनेमा अन्तरविरोध |
| वैदेशिक रोजगारी ऐन २०६४ | विशेष सुविधा तथा आरक्षण कसरी प्रदान गर्ने भन्नेमा अन्तरविरोध |
| श्रम तथा रोजगार नीति, २०६२ | रोजगारीमा विशेष सुविधा दिनेमा अन्तरविरोध |

सरकारले आर्थिक वर्ष २०५१/०५२ मा पहिलो पटक नागरिकको सामाजिक सुरक्षाको हकअधिकार प्रचलन गराउनका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई लागू गरेको थियो । त्यस समयमा सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिकलाई मात्र प्रोत्साहन भत्ताको व्यवस्था गरेको थियो ।[५]

आ.व. २०६५/०६६ देखि नेपालको अन्तरिम संविधान २०६३ को मर्म र भावना अनुरूप समाजका ज्येष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी/जनजाति एवं अशक्त अपांगता भएका नागरिकहरूको सामाजिक सुरक्षा सम्बन्धी मौलिक हकको संरक्षण गर्न, संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरूले निर्देश गरे अनुरूप सामाजिक न्याय प्रदानमा सहयोग गर्न र नेपालले अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) महासन्धि १६९ तथा अन्य अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूमा अभिव्यक्त प्रतिबद्धता अनुरूप यिनीहरूको मानवोचित जीवनयापनका लागि आवश्यक सहयोग गर्ने कार्यलाई उच्च महत्व दिँदै स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३६ (२) अनुसार यो सामाजिक सुरक्षा कार्यविधि २०६५ नेपाल सरकारले २०६५/८/४ मा स्वीकृत गरी लागू गरिएको छ ।[६]

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ का आधारमा कर्णाली क्षेत्रका ५ वर्षमुनिका सबै बालबालिका, ७० वर्ष नाघेका जेष्ठ नागरिक (दलित ६० वर्ष), एकल महिला र ५ वर्षमुनिका विपन्न दलित बालबालिकालाई प्रोत्साहन भत्ता वितरण गर्दै आइरहेको छ । तर उक्त कार्यविधि निर्देशिकामा विपन्न दलित परिवारको परिभाषामा अन्तरविरोध रहेको पाइन्छ ।

उक्त नियामावलीको ५(१)मा आफ्नो तथा परिवारको समेत घर जग्गा नभएको दलित परिवारलाई विपन्न भनिएको छ तर ५(२)मा पहाडमा दुई रोपनी र तराईमा एक कट्ठा जग्गा हुनेलाई समेत विपन्न भनिएको छ । त्यसैगरी सोही नियामावलीको ५(३)मा आफ्नो खेतीबाट वर्षमा तीन महिनाभन्दा कम समय खान पुग्ने परिवारलाई विपन्न भनिएको

---

५ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९,सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाडौं

६ पूर्ववत् ।

छ । यसरी एउटै नियामावलीमा विपन्नको परिभाषा तीन ठाउँमा तीन किसिमले दिइएको पाइन्छ । तीनवटै बुँदा एकअर्कासित बाझिएका छन् ।

नेपालको अन्तरिम संविधान २०६३ ले समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरेको छ र राजनीतिक दलहरूले पनि यस सिद्धान्तलाई स्वीकारेका छन् (विश्वकर्मा २०७०) । वि.सं. २०६४ सालमा सम्पन्न पहिलो र वि.सं. २०७० सालमा भएको दोस्रो संविधान सभा सदस्यको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अँगालिएको थियो । त्यसले गर्दा ६०१ सदस्यीय संविधानसभाको पहिलो निर्वाचनमा ५१ जना र दोस्रो निर्वाचनमा ४१ जना दलित प्रतिनिधि चुनिन सकेका थिए (विश्वकर्मा २०७१: १०) ।

संविधान सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७० मा संविधानसभाको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारको सूची बुझाउँदा त्यसमा दलित समुदायबाट ६.५ प्रतिशत महिला र ६.५ प्रतिशत पुरुष गरी १३ प्रतिशत दलितको प्रतिनिधित्व अनिवार्य रूपमा हुनुपर्ने ऐनमा उल्लेख छ ।[७]

तर दफा १५मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित कुल सदस्य संख्याको ३० प्रतिशतभन्दा कम मात्र उम्मेदवार सूचीकृत गर्ने राजनीतिक दलले समानुपातिकतर्फ निर्धारित प्रतिशतमा महिला र पुरुषको संख्या बराबर हुने गरी दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी, खस आर्य तथा अन्य समूहको यथाशक्य प्रतिनिधित्व गराई प्रतिशत घटीबढी भएकोलाई र एक जना मात्र उम्मेदवार निर्वाचित हुने राजनीतिक दलको हकमा सम्बन्धित राजनीतिक दलले उम्मेदवारको बन्दसूचीमा सूचीकृत गरेमध्ये कुनै उम्मेदवारलाई छनौट गरेकोमा निर्वाचन आयोगले मान्यता प्रदान गर्नुपर्ने कुरा उल्लेख छ ।[८] निर्वाचन सम्बन्धी ऐनमा दलितहरूको १३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने उल्लेख छ अर्कोतर्फ ३० प्रतिशतभन्दा कम उम्मेदवारी दिनेलाई समानुपातिक सूची लागू नगरे पनि हुने प्रावधान गरेको देखिन्छ । यस प्रावधानबाट समानुपातिक निर्वाचन प्रणालीमा दलितहरूको १३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुन सक्दैन । यी दुई कानुनी व्यवस्था परस्परमा बाझिएका छन् ।

यही कानुनी व्यवस्थाका कारण संविधान सभाको निर्वाचनमा मधेशवादी तथा साना दलहरूले दलितलाई संविधानसभामा प्रतिनिधित्व गराएनन् । फलस्वरूप दलित प्रतिनिधित्व पहिलो संविधान सभामा केवल ८.३२ प्रतिशत र दोस्रो संविधानसभामा ६.६६ प्रतिशत हुन सक्यो ।[९]

नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक छात्रवृत्ति कोटामध्ये ४५ प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शतप्रतिशत कायम गरी विपन्न, महिला, अपांग, जनजाति, दलित र पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण गरिने उल्लेख छ ।[१०]

---

७ संविधान सभा सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेकेको ऐन २०७० , २०७०।३।१६ गते राजपत्रमा प्रकाशित सूचना ।

८ पूर्ववत् ।

९ संविधानसभा सचिवालय, २०७० ।

१० नेपाल राजपत्रमा २०६५।१०।२० गते प्रकाशित छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (तेस्रो संशोधन) ।

उक्त नियामावली अनुसार महिलाका लागि आरक्षित ३३ प्रतिशत स्थानमध्ये ३ प्रतिशत स्थान दलित समुदायका महिला र २ प्रतिशत स्थान मुस्लिम समुदायका महिलाका लागि आरक्षण गरिने उल्लेख छ। त्यसैगरी मधेशी समुदायका लागि आरक्षित २० प्रतिशत स्थानमध्ये ३ प्रतिशत स्थान मधेशी दलित समुदायका व्यक्तिलाई आरक्षण गरिने उल्लेख छ।

उक्त नियामावलीमा दलितका ९ प्रतिशत आरक्षित छात्रवृत्तिमा मधेशी दलित पर्दछन् कि पर्दैनन्। यदि पर्दछन् भने मधेशीका लागि छुट्याइएको २० प्रतिशत छात्रवृत्तिमध्ये ३ प्रतिशत मधेशी दलित पनि छानिनुपर्ने उल्लेख छ। मधेशी दलितले दलित कोटामा प्रतिस्पर्धा गर्ने कि मधेशी कोटामा यसमा अन्तरविरोध छ। त्यस्तै महिला कोटामा पनि ३ प्रतिशत दलित र २ प्रतिशत मुस्लिम महिलालाई आरक्षित गर्ने भनिएको छ यसको आधार के हो प्रष्ट छैन।

छात्रवृत्ति सम्बन्धी नियामावलीमा दलितका लागि छुट्याइएका प्रतिशतमा समेत एकरूपता छैन। दलित कोटामा ९ प्रतिशत, मधेशीभित्र पनि ३ प्रतिशत र महिलाभित्र पनि ३ प्रतिशत भनिएको छ। दलितका लागि कति प्रतिशत छात्रवृत्ति दिन खोजिएको हो प्रष्ट छैन। नियामावलीमा विपन्नका लागि २० प्रतिशत सिट आरक्षित गरिएको छ। तर विपन्नताको आधारबारे नियामावली मौन छ।

वैदेशिक रोजगार ऐन २०६४मा वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने र वैदेशिक रोजगारमा कामदार पठाउने संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्ने कुरा उल्लेख छ। तर नेपाल सरकारले कति प्रतिशत र कसरी आरक्षण दिनेमा अन्तरविरोध छ।

नेपाल सरकारले कामदार पठाउँदा अपनाइने प्रक्रियालाई व्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी बनाउनका लागि नीति निर्माण तथा आवश्यक अन्य व्यवस्था गर्न ११ सदस्यीय एक निर्देशक समिति र वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्ने र सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्न आवश्यक कार्य गर्ने प्रयोजनका लागि २१ सदस्यीय वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन गरेको छ। तर यी दुवै समितिमा दलित प्रतिनिधित्व रहने व्यवस्था गरिएको छैन।

श्रम तथा रोजगार नीति २०६२ मा रोजगारीमा महिला, दलित, जनजाति तथा विस्थापितहरूको समान पहुँच सुनिश्चित गर्ने उल्लेख छ। अर्कोतर्फ उत्पादनमूलक रोजगारमा प्रवेश तथा कार्यस्थल वा वृत्ति विकासमा देखा पर्ने लैंगिक, क्षेत्रगत, जातिगत वा अन्य कुनै पनि प्रकारको विभेदको अन्त्य गरी समाजका सबै वर्ग, जाति, समूह वा परिवारका सदस्यहरूका लागि समान रूपमा योग्यतामा आधारित रोजगारीका अवसर प्रदान गरिने उल्लेख छ भने उत्पादनशील रोजगारीमा सबै वर्ग जातजाति तथा समूहका महिलाहरूको पहुँचलाई सुनिश्चित गर्न र महिलाहरूको सशक्तीकरणका लागि सबै तहमा उपयुक्त सकारात्मक विभेदलाई प्रोत्साहित गरिने उल्लेख छ। यसरी एउटै नीतिमा एकातिर समान पहुँच स्थापित गर्ने कुरा उल्लेख छ भने अर्कातिर समान रूपमा योग्यतामा आधारित रोजगारीको अवसर प्रदान गर्ने उल्लेख छ। रोजगारीमा सरकारात्मक विभेदलाई प्रोत्साहित गरिने कुरा उल्लेख छ तर कसरी गर्नेमा अन्तरविरोध छ।

### क. दलित जातिको सूचीमा अन्तरविरोध

वि.सं. २०५८ साल चैत ६ गते शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले दिएको आदेशका आधारमा राष्ट्रिय दलित आयोग गठन गरिएको थियो। आयोगको धेरै काममध्ये दलित समूहको पहिचान गरी दलित जातिको सूची

प्रकाशन गर्नु पनि एक हो । दलित समुदाय अन्तर्गतका जातहरूबारे समाजशास्त्रीय/ मानवशास्त्रीय दृष्टिकोणबाट अध्ययन अनुसन्धान गरी दलितको सूची तयार गर्नु आयोगको एउटा महत्वपूर्ण काम हो (रादआः २०५९) ।

तर प्रत्येक दुई वर्षमा आयोगका पदाधिकारी फेरिनासाथ हचुवाका भरमा दलित सूची फेरिने क्रम जारी छ । आयोग गठन भए यता ६ पटक दलित सूची अद्यावधिक गरिएको भए पनि आयोगले अहिलेसम्म दलित समुदायको सर्वस्वीकृत जातीय सूची तयार गर्न सकेको छैन । आयोगद्वारा अद्यावधिक गरिएको सूची पनि मन्त्रालयहरूले कार्यान्वयनमा नल्याउनु अर्को विडम्बना हो । परिणामस्वरूप दलित समुदायभित्रका विभिन्न जातका नागरिकहरू राज्यबाट उपलब्ध सुविधा लिनबाट वञ्चित भइरहेका छन् भने सूचीबाट हटिसकेका कतिपय जातका मानिसहरू अहिलेसम्म सुविधाको उपयोग गर्दैछन् ।

**तालिका २ः दलित जातीय अनुसूचीमा अन्तरविरोध**

| राष्ट्रिय दलित आयोग दलित जातीय सूची २०७० | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ | शिक्षा विभाग फ्लास प्रतिवेदन ढाँचा (दलित सूची) | संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका-२०६९ | निजामती सेवा नियमावली, २०५० |
|---|---|---|---|---|---|
| आयोगले पहाडी मूलका ९ र मधेश मूलका १७ गरी २७ जातलाई दलित सूचीमा राखेको छ । | • यसमा पहाडी मूलका ५ र मधेशी मूलका १६ गरी २१ जातलाई मात्र सूचीकृत गरिएको छ ।<br>• पहाडी दलितमध्ये मंगता बिटालु, पोडे (देउला, पुजारी, जलारी) र च्यामे (कुचीकार, च्याम्खल) जातलाई सूचीकृत गरिएको छैन ।<br>• मधेशी दलितमध्ये पासीलाई छुट्टै जातको रूपमा राखिएको छ ।<br>• मधेशी दलितमध्ये नटुवा, ढाँडी र धरिकर/धन्कार जात समावेश | • यसमा पहाडी मूलका ५ र मधेश मूलका १७ गरी २२ जातलाई मात्र सूचीकृत गरिएको छ ।<br>• पहाडी दलितमध्ये मंगता विटालु, पोडे (देउला, पुजारी, जलारी) र च्यामे (कुचीकार, च्याम्खल) जातलाई सूचीकृत गरिएको छैन ।<br>• मधेशी दलितमध्ये पासीलाई छुट्टै जातको रूपमा राखिएको छ ।<br>• मधेशी दलितमध्ये नटुवा, ढाँडी र धरिकर/धन्कार जात समावेश | • यसमा पहाडी मूलका ११ र मधेश मूलका ११ गरी २२ जातलाई मात्र सूचीकृत गरिएको छ ।<br>• पहाडी दलितमध्ये मंगता विटालु, पोडे (देउला, पुजारी, जलारी) र च्यामे (कुचीकार, च्याम्खल) जातलाई सूचीकृत गरिएको छैन ।<br>• मधेशी दलितमध्ये पासी, ककैहिया, कलर, सरवरिया, | • यसमा पहाडी मूलका ५ र मधेश मूलका १७ गरी २२ जातलाई मात्र सूचीकृत गरिएको छ ।<br>• पहाडी दलितमध्ये मंगता विटालु, पोडे (देउला, पुजारी, जलारी) र च्यामे (कुचीकार, च्याम्खल) जात सूचीकृत छैन<br>• मधेशी दलितमध्ये | • यसमा पहाडी मूलका ७ र मधेश मूलका १९ गरी २१ जातलाई मात्र सूचीकृत गरिएको छ ।<br>• पहाडी दलितमध्ये मंगता विटालु, पोडे (देउला, पुजारी, जलारी) र च्यामे ( कुचीकार, च्याम्खल) जातलाई सूचीकृत गरिएको छैन । |

| | | | | | |
|---|---|---|---|---|---|
| | गरिएको छैन । | गरिएको छैन ।<br>• पत्थरकट्टा जातलाई दलितभित्र सूचीकृत गरिएको छ । | नटुवा, ढाँडी र धरिकर/ धन्कार जातलाई समावेश गरिएको छैन ।<br>• सतार र सन्थाल जातलाई समेत दलित सूचीमा राखिएको छ । | पासीलाई छुट्टै जातको रूपमा राखिएको छ ।<br>• मधेशी दलितमध्ये नटुवा, ढाँडी र धरिकर/ धन्कार जातलाई समावेश गरिएको छैन । | • मधेशी दलितमध्ये पासीलाई छुट्टै जातको रूपमा राखिएको छ ।<br>• मधेशी दलितमध्ये नटुवा, ढाँडी र धरिकर/धन्कार जातलाई समावेश गरिएको छैन । |

वि.सं. २०५४ मा सरकारले उपेक्षित, उत्पीडित र दलिशत वर्ग उत्थान विकास समिति गठन गऱ्यो । समितिले पहाडी मूलका लोहार, सोनार, कामी, दमाई सार्की र बादी गरी ७, मधेशी मूलका चमार, धोबी, पासवान (दुसाध), तत्मा, डोम, बाँतर, खत्वे, मुसहर, सन्थाल, सतार, हलखोर गरी ११ र नेवारी समुदायभित्रका कसाइ, कुसुले, कुचे, च्यामे र पोडे ५ गरी २३ जातलाई दलित समुदायको सूचीमा राखेको थियो । राष्ट्रिय दलित आयोगले २०५९ सालमा पहाडी मूलका ५ तथा मधेशी मूलका १२ जातलाई दलित समुदायमा सूचीकृत गऱ्यो र नेवार समुदायभित्रका ५ जातलाई दलितभित्र राख्ने कि नराख्ने भन्ने विषयलाई विचाराधीन अवस्थामा राखेको थियो । समितिले छुट्टै जातका रूपमा सूचीकृत लोहार र सोनारलाई २०५९ सालमा आयोगले विश्वकर्माभित्र उपजातका रूपमा समावेश गऱ्यो । सन्थाल र सतारलाई सूचीबाट हटायो र झाँगड जातलाई समावेश गऱ्यो (रा.द.आ. २०५९) ।

वि.सं. २०६० मा 'दलित परिभाषा तथा दलित जातीय अनुसूची' अद्यावधिक गर्न पहिलो पटक आयोगका सदस्य जितु गौतमको नेतृत्वमा राष्ट्रिय दलित आयोग अध्ययन टोली गठन गऱ्यो । उक्त टोलीले मधेशी दलिततर्फ झाँगडलाई सूचीबाट हटायो र कलर, ककैहिया, कोरी, खटिक, पासी र सरभङ्ग जातलाई सूचीमा समावेश गऱ्यो । टोलीले विवादित दलित जातको रूपमा रहेका तराईका लोहार, सोनार सतार (सन्थाल), झाँगड (उराव), तेली (साह) र मुसलमान ( मिया) दलितभित्र नपर्ने प्रष्ट्याएको थियो (पूर्ववत्) ।

वि.सं. २०६४ भदौमा पदाधिकारी परिवर्तन भएपछि आयोगका सदस्य विक्रम रामको संयोजकत्वमा नेवार दलित सम्बन्धमा अध्ययन गर्न एक टोली गठन गरिएको थियो । उक्त टोलीले नेवार दलितलाई पुनः दलित सूचीमा समावेश गर्न सिफारिस गरेको थियो । वि.सं. २०६६ मा बाबुराम विश्वकर्मालाई 'दलितभित्रका जाति तथा थरहरूको अद्यावधिक सम्बन्धी अध्ययन' गर्न जिम्मेवारी दिइएको थियो । विश्वकर्माले पेश गरेको प्रतिवेदनमा दलित समुदाय अन्तर्गत २२ वटा जातमा तत्काल कुनै फेरबदल नगर्न वा अद्यावधिक गर्न आवश्यक नभएको सुझाव दिइएको थियो (रा.द.आ. २०६७/०६८: २) ।

आयोगमा पदाधिकारी फेरिने क्रमसँगै सूची फेर्ने क्रम जारी रह्यो । आयोगले २०६७ साल जेठ १७ गते पुनः दलित जातीय अनुसूची अद्यावधिक अध्ययन कार्यदल गठन गऱ्यो । टोलीले पहाडी मूलका ७ र मधेशी मूलका १९ गरी २६ जातलाई दलित समूहभित्र सूचीकृत गऱ्यो । टोलीले नेवारी मूलका पोडे र च्यामेलाई पुनः दलितभित्र सूचीकृत गऱ्यो । यद्यपि खड्गी र कपाली जातलाई सूचीमा समावेश गरेन । मधेशी मूलका नटुवा, ढाँडी, धरिकार/धन्कारलाई सूचीमा थप गऱ्यो। मधेशका लोहार, सोनार र पटेल/पटनावरलाई सूचीभित्र समावेश गर्नु नपर्ने ठहर गर्दै पत्थरकट्टा/कुशवाडियालाई सूचीबाट हटाउनुपर्ने सुझाव दियो । त्यस अध्ययन कार्यदलले दुसाध (पासवान, हजरा) लाई एउटा जात र पासीलाई अर्को छुट्टै जातको रूपमा सूचीकृत गऱ्यो ।[११]

पछिल्लो पटक आयोगका सदस्य खेमराज नेपालीको संयोजत्वमा २०६९ सालमा गठित 'दलित जातीय अनुसूची अद्यावधिक अध्ययन' टोलीले पहाडी मूलका मंगता र विटालुलाई दलित समूहभित्र सूचीकृत गऱ्यो । यस टोलीले पासीलाई दुसाद जातिभित्रै राख्यो भने पत्थरकट्टालाई पुनः दलितभित्रै पुनः सूचीकृत गऱ्यो ।

आयोगले तयार पारेको सूचीलाई समान्यतः राज्यका सबै निकायहरूले प्रयोग गर्नुपर्ने हो । तर सेवा, सुविधा र अवसर प्रदायक सरकारी निकायपिच्छे फरक-फरक दलित सूची प्रयोगमा रहेको पाइन्छ । राज्यले दलितलाई सरकारी सेवामा आरक्षण तथा विश्वविद्यालय, उच्च मा.वि. र सामुदायिक तथा निजी विद्यालयमा समेत निःशुल्क अध्ययन र छात्रवृत्तिको व्यवस्था गरेको छ । निजामती सेवा नियमावली २०७० को दलित सूचीमा पहाडी मूलका ७ र मधेशी मूलका १९ गरी २६ जात दलित सूचमा परेका छन् । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९मा पहाडी मूलका ५ र मधेशीमूलका १६ गरि २१ जतकोसूची कार्यान्वयन गरिरहेको पाइन्छ । कार्यविधिमा तराईका लोहार/ सोनारलाई हटाइएको कुरा उल्लेख छैन । कुशवाडिया ( पत्थरकट्टा, सिलकट, कुशबधिया र कुचबधिया) लाई लोपोन्मुख आदिवासी/जनजातिभित्र सूचीकृत गरेको छ । तर रा.द.आ. भने पत्थरकट्टालाई दलित सूचीमा सूचीकृत गरेको छ ।

शिक्षा विभागले दुई किसिमको दलित सूची उपयोगमा ल्याइरहेको छ । विभागले संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ का आधारमा १० प्रतिशत कोटा आरक्षित गरी दलित बालबालिकालाई छात्रवृत्ति वितरण गर्छ । उक्त निर्देशिकाले पहाडी मूलका ५ र मधेशी मूलका १७ गरी २२ जातलाई दलित मानेको छ ।[१२] विभागले सरकारी तथा निजी विद्यालयको भौतिक अवस्था, शिक्षक/शिक्षिका र अध्ययनरत विद्यार्थीहरूबारेको तथ्यांक फ्लास प्रतिवेदन मार्फत संकलन गर्छ । विभागले फ्लास प्रतिवेदनको ढाँचा शिक्षा कार्यालयलाई पठाउँछ । जिल्ला शिक्षा कार्यालयले त्यो प्रतिवेदनको ढाँचा छापेर स्रोत केन्द्र मार्फत विद्यालयसम्म पुऱ्याउँछ । आर्थिक वर्ष २०७०/७१ सम्मको फ्लास प्रतिवेदनको ढाँचामा रहेको दलित समुदायको सूचीमा २०५४ सालमा विकास समितिले तयार पारेको सूचीले ठाउँ पाइरहेको देखिन्छ ।[१३] फ्लास प्रतिवेदनमा सन्थाल र सतार जात दलित र जनजाति दुवै सूचीमा परेका छन् । आयोगले दलित सूची ६ पटकसम्म परिर्वतन गरिसक्दा पनि शिक्षा विभागले अहिलेसम्म १८ वर्षअघिकै सूची उपयोग गरिरहेको पाइन्छ । यसबाट एकातिर रा.द.आ. को कामप्रति राज्यका जिम्मेवार निकायले बेवास्ता गरेको र अर्कोतिर यसतर्फ आयोगको ध्यान जान नसकेको देखिन्छ (पासवान २०७१: ७) ।

---

११ पूर्ववत् ।

१२ नेपाल सरकार २०६९/११/०४ गते को मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ ।

१३ सप्तरीको घोघनपुर गाविस स्थित जनता उच्च माध्यमिक विद्यालयले जिल्ला शिक्षा कार्यलय सप्तरीलाई पठाएको आर्थिक वर्ष २०७०/७१ फ्लास प्रतिवेदनको आधारमा ।

राष्ट्रिय तथ्यांक विभागले प्रकाशित गरेको २०६८ सालको जनगणना तथ्यांक अनुसार पहाडी मूलका ५ जात अर्थात् ८.१२ प्रतिशत र मधेशी मूलका १० जात अर्थात् ४.४१ प्रतिशत गरी १५ जात र अन्य दलित ०.५९ प्रतिशत गरी कुल जनसंख्यामा दलितको १३.१२ प्रतिशत रहेको छ (सिविएस २०६८)। रा.द.आ.को दलित जातीय सूची अनुसार पहाडी दलितको ८.१२, मधेशी दलित ४.५१ र अन्य दलित ०.५९ प्रतिशत गरी कुल जनसंख्यामा दलितको १३.२२ प्रतिशत हुन आउँछ (रा.द.आ. २०७०)। सबै जातजातिको आधिकारिक तथ्यांक राख्ने तथ्यांक विभाग र रा.द.आ.को सूची फरक-फरक हुन गएकाले दलितको जनसंख्यामा असमानता देखिएको हो। आयोगले २०६० सालमै मधेशी दलित मूलका खटिक, ककैहिया जातलाई दलितभित्र सूचीकृत गरेको थियो। तर २०६८ सालको जनगणनामा समेत खटिक, ककैहिया जातको जनसंख्या उल्लेख गरिएको छैन।

राष्ट्रिय दलित आयोग र तथ्यांक विभागले दलित सूची तयार गर्दा मधेशी दलित समुदायका विज्ञसँग परामर्श नगरी सूची तयार गरेका कारण एकातर्फ ककैहिया, खटिक लगायतका मधेशी दलित राज्यबाट प्राप्त सुविधा लिनबाट वञ्चित छन् भने अर्कोतर्फ मधेशी गैरदलितले दलितको नाममा आएको सुविधा लिइरहेको छ। गत असार महिना शिक्षक सेवाले प्रकाशित गरेको प्राथमिक तह तृतीय श्रेणीको नतिजामा दलित कोटामा बारा परशुरामपुर-२ का मनोजकुमार शर्मा उत्तीर्ण भएका थिए।

तराईका लोहार जातले शर्मा थर लेखाउँछन्। रा.द. आयोगले शर्मा जातलाई सूचीबाट २०६० सालमै हटाइसकेको थियो। आयोगले शिक्षक सेवा आयोगलाई शर्मा दलित नभएकोले नतिजा रद्द गर्न पत्राचार गरिसकेको छ। मधेशका गैरदलितले दलित कोटाको सुविधा दुरुपयोग गरेको यो पहिलो पटक भने होइन। मिति २०६८/०९/०१ गते विद्युत् प्राधिकरणले समावेशी सहितको खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने गरी विज्ञापन नं २०६८/०६९ प्रा.३/१६ दलित समावेशी पद संख्या १ भएको इलेक्ट्रिसियन पदमा विभिन्न उम्मेदवारले दरखास्त दिएका थिए। प्राधिकरणले मिति २०६९ साल मंसिर १५ गते लिखितमा निज अनिल कुमार ठाकुर सहित र पूर्ण बहादुर कामी (विश्वकर्मा) सहित तीन जनाको दलित कोटा अन्तर्गत नाम प्रकाशन गरेकोमा मिति २०६९ साल पुस २४ गते नेपाल विद्युत् प्राधिकरण नतिजा प्रकाशन एवं सिफारिस सम्बन्धी सूचनामा गैरदलित अनिल कुमार ठाकुरको नाम सिफारिस गरेको थियो। दलित कोटामा गैरदलितलाई सिफारिस गरेपछि उक्त घटना सर्वोच्च अदालतसम्म पुगेको थियो। बाँके जिल्लाका मधेशी दलित मूलका खटिक जात, जेष्ठ नागरिक र ५ वर्षमुनिका बालबालिकाहरू प्रोत्साहन भत्ता लिनबाट वञ्चित भइरहेको समाचार सार्वजनिक भएको छ। माथिका प्रसंगबाट के कसरी दलितहरू सुविधा लिनबाट वञ्चित भएका छन् र गैरदलितले दलित कोटा कसरी दुरुपयोग गरिरहेका छन् भन्ने छर्लंग हुन्छ।

### ख. दलित जातीय अनुसूचीको आधिकारिकतामा अन्तरविरोध

सरकारले दलित समुदाय अधिकार सुनिश्चिचताका लागि राष्ट्रिय दलित आयोग गठन गरेको पाइन्छ। कुन जात दलित हो होइन भन्ने पहिचान गर्ने कार्य पनि दलित आयोग कार्यसूचीभित्र पर्छ। तर विभिन्न सेवा प्रदायक निकायले दलित जातीय अनुसूचीको आधिकारिकतामा छुट्टा-छुट्टै मापदण्ड अपनाएको पाइन्छ।

**तालिका ३: दलित जातीय अनुसूची आधिकारिकतामा अन्तरविरोध**

| नीति | अन्तरविरोध |
|---|---|
| **सैनिक सेवा नियमावली, २०६९** | राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराउनुपर्ने । |
| **प्रहरी नियमावली, २०४९** | राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित गराइनुपर्ने । |
| **निजामती सेवा नियमावली, २०५०** | राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराउनुपर्ने । |
| **शिक्षक सेवा आयोग नियमावली, २०५७** | मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय भनी प्रमाणित भएको र त्यसरी नतोकिएसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराउनुपर्ने ।<br>रा.द.आ.बाट सूचीकृत भएको जातभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराउनुपर्ने । |

सैनिक सेवा नियामावली २०६९, निजामती सेवा नियमावली २०५० र शिक्षक सेवा आयोग नियमावली २०५७ मा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको तर आयोगबाट सूचीकृत भएको जातभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने व्यवस्था छ। तर प्रहरी नियमावली २०४९ मा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्र भए हुने उल्लेख छ। राज्यको प्रहरी सेवा, निजमाती सेवा, शिक्षक सेवा लगायतका सेवा प्रदायक निकायमा दलित सम्बन्धी कुन निकायको प्रमाणपत्रलाई आधिकारिक मान्ने त्यस विषयमा अन्तरविरोध छ।

तर स्थानीय निकायको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट समेत गैरदलितले पनि दलित जातिको भनेर प्रमाणित गराएर आरक्षित कोटामा प्रवेश गरेको पाइन्छ।

### ग. आरक्षित कोटा रिक्त भए पदपूर्ति गर्नेमा अन्तरविरोध

सरकारी सेवामा आरक्षण लागू भएपछि विभिन्न सेवा प्रदायक निकायले खुला र विभिन्न जाति समुदायका लागि तोकिएको आरक्षण कोटा अनुसार विज्ञापनद्वारा पदपूर्ति गर्ने गरेको पाइन्छ। तर तोकिएको आरक्षण कोटा रिक्त हुन गएमा उक्त कोटामा पदपूर्ति कसरी गर्नेमा अन्तरविरोध रहेको पाइन्छ। सरकारले आरक्षित कोटा रिक्त हुन गएमा एउटै प्रक्रियाबाट पदपूर्ति गर्नुपर्ने हो। तर सेवा प्रदायक निकायसँगै रिक्त कोटा पदपूर्ति गर्ने सवालमा अन्तरविरोध रहेको पाइन्छ।

**तालिका ४: आरक्षित कोटामा रिक्त भएको स्थान कसरी पूर्ति गर्नेमा अन्तरविरोध**

| नीति | अन्तरविरोध |
|---|---|
| **सैनिक सेवा नियमावली, २०६९** | समावेशीतर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या सोही वर्षको सोही विज्ञापनमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गरिनेछ । |
| **प्रहरी नियमावली, २०४९** | समावेशीतर्फ छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुला प्रतियोगिताका लागि हुने उम्मेदवारबाट पूर्ति गरिनेछ । |
| **निजामती सेवा ऐन, २०४९** | समावेशीतर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ । |
| **शिक्षक सेवा आयोगेग नियमावली, २०५७** | समावेशीतर्फ छुट्टयाइएको पदमा जुन वर्षका लागि विज्ञापन भएको हो सो वर्ष उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गरिनेछ । त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।<br>समावेशीतर्फ निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गरिने उल्लेख छ । |

निजामती सेवा ऐन २०४९, सैनिक सेवा नियमावली २०६९ मा समावेशीतर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या सोही वर्षको सोही विज्ञापनमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गरिने उल्लेख छ । प्रहरी नियमावली २०४९ मा समावेशीतर्फ कोटा रिक्त भए वा परीक्षार्थी उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा खुला प्रतियोगिताद्वारा पूर्ति गरिने उल्लेख छ तर कुन वर्ष भन्ने उल्लेख छैन । शिक्षक सेवा आयोग नियमावली २०५७ रिक्त हुन आएको पद जुन वर्षका लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्ने उल्लेख छ । अर्को वर्ष विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्ने उल्लेख छ । यसरी रिक्त पदपूर्ति कसरी गर्ने प्रक्रियामा अन्तरविरोध रहेको देखिन्छ ।

वि.सं. २०६४ सालमा निजामती सेवा ऐनमा भएको दोस्रो संसोधनले निजामती सेवालाई समावेशी बनाउने उद्देश्यले खुला प्रतियोगिताबाट पूर्ति गरिने पदमध्ये ४५ प्रतिशत पद शासकीय व्यवस्थाको मूलधारमा समावेश हुन नपाएका नागरिक समुदायले पाउने व्यवस्था गरेको छ (साहः २०७०: २०४) ।

यसरी छुट्याएको ४५ प्रतिशतलाई नै शतप्रतिशत मानी त्यसमा महिलाका लागि ३३ प्रतिशत, आदिवासी जनजातिका लागि २७ प्रतिशत, मधेशीका लागि २२ प्रतिशत, दलितका लागि ९ प्रतिशत, अपांगका लागि ५ प्रतिशत र पिछडिएका क्षेत्रका लागि ४ प्रतिशत पद आरक्षण गरिएका छन् (तिवारी २०६९: १९-२०) ।

राज्यले दलितका लागि छुट्टयाइएको कोटामा समेत एकरूपता रहेको छैन । सरकारको विभिन्न निकायले आरक्षण दिंदा दलितको कोटा कति प्रतिशत हुनेमा अन्तरविरोध रहेको पाइन्छ ।

**तालिका ५: दलितको कोटा कति प्रतिशत हुनेमा अन्तरविरोध**

<table>
<tr><th>नीति</th><th>कुन क्षेत्रमा कति प्रतिशत</th><th>अन्तरविरोध</th></tr>
<tr><td>सैनिक सेवा नियमावली २०६९</td><td>दलित: १५ प्रतिशत</td><td rowspan="5"><ul><li>सुरक्षा निकायमा दलितका लागि १५ प्रतिशत सिट आरक्षित गरिएको छ । तर निजामती सेवामा ९ प्रतिशत मात्र ।</li><li>शैक्षिक क्षेत्रमा दलितका लागि ९ प्रतिशत छुट्टै र मधेशी कोटामध्ये ३ प्रतिशत मधेशी दलित र ३३ प्रतिशत महिलामध्ये ३ प्रतिशत दलित महिला कोटा छुट्याउनुपर्ने उल्लेख छ ।</li><li>आरक्षित कोटामध्ये दलित कोटा कति हुने क्षेत्र अनुसार फरक फरक छ । कुन आधारमा दलित कोटा प्रतिशत निर्धारण गरिएको त्यसमा अन्तरविरोध छ ।</li></ul></td></tr>
<tr><td>प्रहरी नियमावली २०४९</td><td>दलित: १५ प्रतिशत</td></tr>
<tr><td>निजामती सेवा ऐन २०४९</td><td>दलित: ९ प्रतिशत</td></tr>
<tr><td>शिक्षक सेवा आयोग नियमावली २०५७</td><td><ul><li>तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय: २२ प्रतिशत</li><li>दलित: ९ प्रतिशत</li><li>महिलाको लागि छुट्टयाइएको ३३ प्रतिशत स्थानमध्ये ३ प्रतिशत स्थान दलित समुदायका महिलाका लागि छुट्टयाउनु पर्नेछ ।</li></ul></td></tr>
<tr><td>छात्रवृत्ति सम्बन्धी (पहिलो संशोधन) नियमावली २०६३</td><td>नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक छात्रवृत्तिमध्ये ४० प्रतिशत स्थान विपन्न, महिला, अपांग, जनजाति र दलित तथा दुर्गम क्षेत्रका व्यक्तिका लागि विषयगत रूपमा सुरक्षित गरी सो प्रतिशतलाई शतप्रतिशत कायम गराई देहायको प्रतिशतको आधारमा वितरण गरिनेछ :<ul><li>दलित: १५ प्रतिशत</li></ul></td></tr>
</table>

सैनिक सेवा नियमावली २०६९, प्रहरी नियमावली २०४९ मा आरक्षित ४५ प्रतिशत कोटालाई शतप्रतिशत मानी त्यसमध्ये दलितका लागि १५ प्रतिशत कोटा आरक्षित गरेको पाइन्छ। तर निजामती सेवा ऐन २०४९ मा दोस्रो संसोधनपछि दलितका लागि ९ प्रतिशत कोटा आरक्षित गरेको पाइन्छ (पूर्ववत्) । यता शिक्षक सेवा आयोग नियमावली २०५७ मा २०६६ सालमा भएको चौथो संसोधनले तराई-मधेशमा बसोबास गर्ने मधेशी,आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय – २२ प्रतिशत र दलितका लागि ९ प्रतिशत कोटा आरक्षित गरेको पाइन्छ (नेपाल कानुन आयोग)। महिलाको लागि छुट्टयाइएको ३३ प्रतिशत स्थान मध्ये ३ प्रतिशत स्थान दलित समुदायका महिलाका लागि छुट्टयाउनुपर्ने व्यवस्था गरेको पाइन्छ ।

वैदेशिक छात्रवृत्ति सम्बन्धी (तेस्रो संशोधन) नियमावली २०६०मा २०६५ सालमा भएको तेस्रो संसोधनपछि नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये ४५ प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शतप्रतिशत कायम गरी आर्थिक वा सामाजिक रूपमा विपन्नका लागि २५ प्रतिशत, महिलाका लागि ३३ प्रतिशत, अपांगका लागि २ प्रतिशत, जनजातिका लागि २७

प्रतिशत, दलितका लागि ९ प्रतिशत र पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिका लागि ४ प्रतिशत सिट आरक्षण गरी वितरण गरिने उल्लेख छ (नेपाल कानुन आयोग) । आर्थिक वा सामाजिक रूपमा विपन्नका लागि २५ प्रतिशतमध्ये २० प्रतिशत मधेशीलाई र त्यस २० प्रतिशतमध्ये पनि मधेशी दलितका लागि ३ प्रतिशत सिट आरक्षण गरिने उल्लेख छ ( पूर्ववत्) । दलितका लागि ९ प्रतिशत छुट्टै कोटा पनि आरक्षित छ । त्यसैगरी ३३ प्रतिशत महिलामध्ये ३ प्रतिशत दलित महिला कोटा छुट्ट्याउनुपर्ने उल्लेख छ ।

माथिका तथ्यले दलितका लागि आरक्षित कोटाको प्रतिशत एकरूपता नभएको पुष्टि गर्छ । सरकारी निकायपिच्छे दलितका लागि आरक्षित कोटा फरक-फरक रहेको पाइन्छ । यसरी केको आधारमा दलित कोटा (प्रतिशत) निर्धारण गरिएको हो त्यसमा अन्तरविरोध रहेको पाइन्छ ।

## २. दलित सम्बन्धी नीति अभ्यासको अन्तरविरोध

**तालिका ६: दलित सम्बन्धी नीति अभ्यासको अन्तरविरोध**

| नीति | अभ्यासमा अन्तरविरोध |
|---|---|
| **निजामती सेवा नियमावली, २०५०** | प्राथमिकता निर्धारण कार्यान्वयमा अन्तरविरोध |
| **उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिको उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिका २०६९** | छात्रवृत्ति कोटा प्राथमिकता निर्धारण कार्यान्वयमा अन्तरविरोध |

अन्तरिम संविधान २०६३ ले समानुपातिक समावेशी सिद्धान्त स्वीकार गरेको छ । समावेशी सिद्धान्त अनुसार दलित, महिला, आदीवासी जनजाति, अपांग र पिछडिएको क्षेत्रका व्यक्तिलाई आरक्षणको माध्यमबाट राज्यको निजामती, सेना, प्रहरी लगायतका निकायमा प्रतिनिधित्व गराउने प्रयास गरिएको छ । निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपांग, पिछडिएको क्षेत्रलाई कोटा आरक्षण गरिएको छ । नियामावलीमा महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलितलाई सम्झनुपर्छ । आर्थिक समजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलितको सूची सरकारले राजपत्रमा प्रकाशित गरेबमोजिम हुने उल्लेख छ । तर आरक्षण लागू भएको आठ वर्ष बितिसक्दा पनि राज्यले आर्थिक तथा सामाजिक रूपले पिछडिएको समूहको पहिचान गरी राजपत्रमा सूची प्रकाशित गरेको छैन ।

कोटा छुटयाइएको समूहभित्र आर्थिक तथा सामाजिक रूपले पिछडिएकालाई पहिचान नगरेका कारण आरक्षित कोटामा ती समूहका हुनेखानेहरूको वर्चश्व कायम हुन पुगेको छ । सामाजिक तथा आर्थिक रूपले पिछडिएकाहरू अहिले पनि निजामती सेवा प्रवेश गर्न सकिरहेका छैनन् । नीति अभ्यासमा विद्यमान अन्तरविरोध बुझ्नका लागि लोकसेवा आयोगले २०७१ वैशाखदेखि भदौसम्म आरक्षित कोटामा सिफारिस गरेको सूचीलाई नियाल्न सकिन्छ ।

**तालिका ७: लोकसेवा आयोगले २०७१ वैशाखदेखि भदौसम्म आरक्षित कोटाका लागि गरेको सिफारिस तथ्यांक विश्लेषण**

| खुला | | महिला | | जनजाति | | मधेशी | | दलित | | अपांग | | पिछडिएको क्षेत्र | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैरदलित | दलित | गैरदलित | दलित | पहाडी जनजाती | तराई जनजाती | गैरदलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित | गैरदलित | दलित | गैरदलित | दलित | |
| ६६१ | १५ | १५४ | ३ | ११२ | २३ | १०५ | २ | ४४ | ५ | २५ | ० | २० | ० | ११६९ |

लोकसेवा आयोगबाट २०७१ वैशाखदेखि भदौसम्म विभिन्न सरकारी सेवाका लागि ११६९ जना सफारिस भएका थिए। त्यसमध्ये ६६१ जना खुला प्रतिस्पर्धा र ५०८ जना आरक्षित कोटाबाट सिफारिस भएका थिए। खुलातर्फ सिफारिस भएका ६६१ जनामध्ये १५ जना दलित पनि परेका थिए। खुलाबाट सिफारिस भएका १५ जना दलितमध्ये एक जना मात्र मधेशी दलित समुदायका थिए।

३३ प्रतिशत महिलाका लागि छुट्याइएको कोटा अन्तर्गत १५४ जना महिलाको सिफारिस हुदाँ त्यसमा ३ जना मात्र दलित परेका थिए। तर दलितभित्र पनि सामाजिक तथा आर्थिक रूपले विपन्न मधेशी दलित महिला एक जना पनि पर्न सकेन। त्यस्तै २८ प्रतिशत मधेशी कोटा अन्तर्गत १०५ जनाको सिफारिस हुँदा मधेशी समुदायभित्र सबभन्दा गरिब समुदायमा पर्ने मधेशी दलित २ जना मात्र त्यसमा परे। ९ प्रतिशत दलित कोटा अन्तर्गत ४४ जना दलितको सिफारिस हुँदा त्यसभित्र मधेशी दलित ५ जना मात्र परेका थिए। ५ प्रतिशत अपांग कोटा अन्तर्गत सिफारिस भएका २५ जना र ४ प्रतिशत पिछडिएको क्षेत्रबाट सिफारिस भएका २० जना सबै गैरदलित समुदायबाट आएका थिए।

मधेशी दलितहरूको पहिचान दोहोरो छ। जातीय हिसाबले उनीहरू दलित हुन्। मधेशमा बसोबास गर्ने भएकाले उनीहरू मधेशी पनि हुन् उनीहरूको भाषा, बसोबास, संस्कार, रहनसहन बेग्लै छ। आरक्षित सिटका लागि दलित कोटामा लड्ने कि मधेशी कोटामा भन्ने अन्यौल मधेशी दलितमा छ। आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अवस्थामा समेत उनीहरू पहाडी दलित र मधेशी कथित उच्च जातभन्दा धेरै कमजोर छन्। उनीहरू न त पहाडिया दलितसँग प्रतिस्पर्धा गर्न सक्छन् न त मधेशीसँगै, त्यसैले समावेशी कोटामा दलितको सिट आरक्षित गर्दा जनसंख्याका आधारमा मधेशी दलितका लागि छुट्टै सिट आरक्षित गरिनुपर्दछ या त्यस्तो नीति अपनाउँदा दलितभित्र पनि मानव विकास सूचकांकका आधारमा सबभन्दा पिंधमा रहेकालाई प्राथमिकता निर्धारण हुनु आवश्यक छ।

नेपाल सरकारको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत २०५४ सालमा स्थापित उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति नेपालको आम दलित समुदायका बीचमा आर्थिक एवं सामाजिक उत्थानका विशेष कार्यक्रम संचालन गर्ने केन्द्रस्तरको एक मात्र सरकारी निकाय हो।[१४] समितिले दलितहरूको जीवनस्तर उकास्नका लागि प्रत्यक्ष फाइदा पुग्ने आयमूलक, सीपमूलक कार्यक्रम, बेरोजगारीलाई न्यूनीकरण गर्न र स्वरोजगारी सिर्जनाका लागि स्वरोजगारमूलक तालिम, आर्थिक अभावका कारण उच्च शिक्षा अध्ययन गर्न समस्या भोगिरहेका गरिब तथा विपन्न दलित परिवारका जेहेनदार विद्यार्थीहरूका लागि छात्रवृत्ति दिने लगायतका कार्यक्रम संचालन गर्दै

१४ उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिद्वारा २०७० सालमा प्रकाशित बुलेटिनको आधारमा।

आइरहेको छ। छात्रवृत्ति वितरण गर्नका लागि निर्माण गरिएको उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिका[१५] २०६९ को ७ मा छात्रवृत्ति छनोटको आधारहरूमा पहिलो नम्बरको बुदाँमा छात्रवृत्ति वितरण गर्दा शहीद, बेपत्ता, घाइते द्वन्द्व पीडित र पिछडिएका डोम, मुसहर, चमार, वादी, गन्धर्व, महिला, अपांग लगायतका अल्पसंख्यक र सिमान्तीकृत परिवारका विद्यार्थीको निवेदन पर्न आएमा त्यस्ता विद्यार्थीलाई छात्रवृत्तिमा प्राथमिकता दिइने कुरा उल्लेख छ।

**तालिका ७: आर्थिक वर्ष २०६७/०६८ देखि २०७०/०७१ सम्म विकास समितिले वितरण गरेको छात्रवृत्ति तथ्यांक**

| आ.व. | प्रमाणपत्र तह | | मध्यस्तरीय तालिम | | प्रमाणपत्र प्राविधिक | | स्नातक तह | | स्नातक प्राविधिक | | एम.बि.बि.एस. | | डिग्री | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहाडी दलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित | पहाडी दलित | मधेशी दलित |
| २०६७/०६८ | ९९ | ९ | ७ | ० | १० | ० | ६७ | ८ | ११ | ४ | ४ | १ | | |
| २०६८/०६९ | १४३ | १५ | ८ | ३ | १४ | ० | ७५ | १० | १५ | ३ | ४ | १ | | |
| २०६९/०७० | १३६ | ८ | १५ | ० | ३९ | ३ | ४३ | १ | ३ | १ | २ | १ | | |
| २०७०/०७१ | ७६ | ७ | ० | ० | ० | ० | २९ | ४ | ० | ० | ० | ० | १३ | २ |
| **जम्मा** | ४५४ | ३९ | ३० | ३ | ६३ | ३ | २१४ | २३ | २९ | ७ | १० | ३ | १३ | २ |

तर आर्थिक वर्ष २०६७/६८ देखि २०७०/७१ सम्मको छात्रवृत्ति वितरणको तथ्यांक हेर्दा नीति र अभ्यासमा ठूलो अन्तरविरोध रहेको पाइन्छ। विगत चार वर्षमा प्रमाणपत्र तहमा ४९३ जना दलित विद्यार्थीले छात्रवृत्ति पाउँदा त्यसमा मधेशी दलित विद्यार्थी ३९ जना मात्र परेका थिए। त्यस्तै मध्यस्तरीय तालिमका ३३ जनामा ३ जना, प्रमाणपत्र तह प्राविधिकतर्फ ६६ जनामा ३ जना, स्नातक तहमा २३७ जनामा २३ जना, स्नातक प्राविधिकतर्फ ३६ जनामा ७ जना, एम.बि.बि.एस. अध्ययनका लागि १३ जनामा ३ जना र आर्थिक वर्ष २०७०/२०७१ मा डिग्री अध्ययन गर्न १५ जनामध्ये मधेशी दलित २ जना मात्र रहेका थिए। विकास समितिले लक्षित गरेको डोम समुदायबाट अहिलेसम्म एक जना विद्यार्थीले पनि छात्रवृत्ति पाएको छैन। यसरी दलित समुदायका उत्थानका निम्ति सरकारी तवरबाट र अझ दलितहरूले नै नीति निर्माण गर्दासमेत नीति र अभ्यासमा ठूलो अन्तरविरोध रहेको पाइन्छ।

## निष्कर्ष

समावेशी लोकतन्त्रका लागि भएको आन्दोलनमा दलितको सहभागिता र बलिदान उल्लेखनीय रहेको थियो। त्यसकारण पछिल्लो समयमा राज्य, राजनीतिक दलहरू तथा शासक वर्ग दलितप्रति केही सकारात्मक रहेको देखिन्छ। यद्यपि दलित समुदायलाई सेवा सुविधा गोलमटोल रूपमा दिने गरेको पाइएको छ। अन्तरिम संविधानमा कुन समूहलाई के आधारमा कति प्रतिशत आरक्षण दिने भन्नेबारे विरोधाभाषपूर्ण व्यवस्था रहेको पाइन्छ। त्यसले गर्दा जुन

---

१५ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति केन्द्रीय कार्यलयद्वारा २०६९ सालमा प्रकाशित उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिकाको आधारमा।

उद्देश्यले सकारात्मक विभेदको आधारमा दलित समुदायका लागि सेवा सुविधा दिइएको हो त्यस लक्षित वर्गले लाभ उठाउन नसकिरहेको अवस्था छ ।

त्रिविवि समाजशास्त्र/मानवशास्त्र विभागले अध्ययन गरेर तयार गरेको नेपाल बहुआयामिक सामाजिक समावेशी सूचाकांक अनुसार नेपालका ९७ जातजातिमध्ये कायस्थहरू (कर्ण, लाल, मल्लिक, निधि श्रीवास्तव) एक नम्बर स्थानमा रहेका छन् । दोस्रो र तेस्रो नम्बरमा क्रमशः पहाडे बाहुन र थकाली छन् । अग्रणी १० स्थानमा रहेका जातजातिमा बाहुन-क्षेत्री समुदायका ४ जातमा पहाडे बाहुन, क्षत्री, ठकुरी र सन्यासी छन् । यस्तै मधेशी समुदायका चार जातजातिमा कायस्थ, राजपूत, तराई ब्राह्मण र मारवाडी छन् । अन्य दुईमा जनजातिबाट नेवार र थकाली छन् । अन्तिम १० स्थानमा रहेका जातजातिमा मूलतः तराई र पहाडमा बस्ने दलितहरू छन । सबभन्दा अन्तिममा मधेशका मुसहर र डोम छन् । यस अध्ययनले पनि मधेशको कोटामा मधेशी दलितले प्रतिस्पर्धा गर्न नसक्ने देखाउँछ । त्यसैले मधेशी दलितहरूले दलित कोटाभित्र पनि 'मधेशी दलित' कोटा अन्तर्गत प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिनुपर्छ ।

शिक्षा क्षेत्रमा बनाइएको नियमावलीमा दलितका लागि ९ प्रतिशत सिट आरक्षण गरिएका भए तापनि मधेशी कोटा अन्तर्गत मधेशी दलितलाई ३ प्रतिशत कोटा छुट्याइएको छ । मधेशी दलित समग्र दलित कोटाबाट छनोट हुने कि मधेशी कोटाबाट भन्नेमा अन्यौल छ । त्यस्तै महिला कोटाभित्र दलित महिलाका लागि पनि कोटा आरक्षण गरेबाट अन्यौल सिर्जना भएको देखिन्छ ।

एउटै नीतिमा विपन्नको परिभाषामा समेत एकरूपता नभएबाट सरकारी उदासीनता देखिन्छ । रा.द. आयोगले दलित सूची ६ पटकसम्म परिर्वतन गरिसक्दा पनि शिक्षा विभागले अहिलेसम्म १८ वर्षअघिकै सूची उपयोग गरिरहेको छ । यसबाट एकातिर आयोगको कामप्रति राज्यका जिम्मेवार निकायले वास्ता नगरेको देखिन्छ भने अर्कोतिर यसतर्फ आयोगको ध्यान जान नसकेबाट आयोगको क्षमतामाथि नै प्रश्न चिन्ह खडा गरेको छ । सबै जातजातिको आधिकारिक तथ्यांक राख्ने तथ्यांक विभाग र दलित आयोग सूची फरक-फरक रहेकोले दलितको जनसंख्यासमेत असमान देखिन आएको छ ।

राष्ट्रिय तथ्यांक विभागद्वारा प्रकाशित २०६८ सालको जनगणनाको तथ्यांक अनुसार दलितको कुल जनसङ्ख्यामा पहाडी मूलका ५ जात अर्थात् ८.१२ प्रतिशत र मधेशी मूलका १० जात अर्थात् ४.४१ प्रतिशत गरी १५ जात र अन्य दलित ०.५९ प्रतिशत गरी १३.१२ प्रतिशत रहेको उल्लेख गरेको छ । दलित आयोगले तयार पारेको दलित जातीय सूची अनुसार पहाडी दलित ८.१२, मधेशी दलित ४.५१ र अन्य दलित ०.५९ प्रतिशत गरी कुल जनसंख्याको १३.२२ प्रतिशत हिस्सा दलितहरूले ओगटेका छन् । मधेशी मूलका खटिक, ककैहिया, धरकार/धन्कार समुदायका दलितहरू राज्यको सेवा सुविधा लिनबाट वञ्चित भएका छन् र गैरदलितहरूले दलित कोटाको दुरुपयोग गरिरहेका छन् ।

सरकारी निकायपिच्छे दलित सूची फरक-फरक हुनाको कारण कुन सूचीलाई आधिकारिक मान्ने भन्ने अन्यौल सिर्जना भएको छ । यसले गर्दा दलित सूचीबाट हटिसकेका जातका मानिसहरूले अहिले पनि दलितको सुविधा पाइरहेका छन् भने अर्कोतर्फ दलितभित्र सूचीकृत भएका कतिपय समुदाय सेवासुविधाबाट वञ्चित छन् । अधिकांश सरकारी निकायले प्रदान गर्ने सेवासुविधामा स्थानीय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयका प्रमुखले सिफारिस गरेको दलित जातीय सूचीको आधारमा सेवासुविधा दिंदै आइरहेको पाइएको छ । आधिकारिक सिफारिस दलित आयोगबाट हुनुपर्नेमा त्यसो नहुँदा जिल्ला प्रशासनबाट धेरै पटक गलत व्यक्तिहरूको नाम सिफारिस हुन गई सेवासुविधाको दुरुपयोग हुन गएको छ । त्यसैले राष्ट्रिय दलित आयोगले नै दलित जातिको आधिकारिक सूची प्रमाणित गर्ने संवैधानिक व्यवस्था हुनु उपयुक्त देखिन्छ ।

आरक्षित कोटा रिक्त भएमा कुन विधि र प्रक्रियाद्वारा पदपूर्ति गर्नेमा त्यसबारे सरकारी निकायबीच विद्यमान अन्तरविरोधले गर्दा दलित समुदायले पाउने कोटा गैरदलितहरूको भागमा परिरहेको छ। दलितको कोटा रिक्त भएमा रिक्त कोटामा पदपूर्ति गर्नका लागि सरकारी निकायपिच्छे फरक प्रावधान रहेको जुन अवस्था छ त्यसको अन्त्य गर्नुपर्ने देखिन्छ।

राज्यले सकारात्मक विभेदको आधारमा महिला, आदिवासी/जनजाति, मधेशी र दलितलाई आरक्षण दिंदा आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित भनी सम्झनुपर्छ। आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलितको सूची सरकारले राजपत्रमा प्रकाशित गरेबमोजिम हुने उल्लेख छ। तर आरक्षण लागू भएको आठ वर्ष बितिसक्दा पनि राज्यले आर्थिक तथा सामाजिक रूपले पिछडिएको समूहको पहिचान गरी त्यसको सूची राजपत्रमा प्रकाशित गरेको छैन। यसले गर्दा आरक्षणको फाइदा हुनेखानेले लिइरहेको पाइएको छ। दलितहरूको उत्थान गर्ने उद्देश्यले गठित विकास समतिले समेत छात्रवृत्ति दिने नीतिमा मधेशी दलितलाई प्राथमिकता दिने उल्लेख गरे पनि व्यवहारमा त्यो लागू नगरेका कारण दलितभित्र हुनेखानेले छात्रवृत्ति पाइरहेको छ। यसले के प्रमाणित हुन्छ भने गैरदलित मात्रै होइन दलितले पाउने कोटालाई दलितभित्रका हुनेखानेले प्राथमिकता दिएर विपन्नसम्म पुऱ्याउन चाहिरहेका छन्।

नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरूले एक आपसमा समन्वय नगरी नीतिहरू बनाउने र कार्यान्वयन गर्ने परिपाटीले गर्दा आपसमा बाझिएका कुराहरूलाई सच्चाई एकरूपता दिने काम हुन सकेको छैन। त्यसले गर्दा विशेषगरी मधेशी दलितहरू सरकारले तोकेको अधिकार उपभोग गर्नबाट वञ्चित भएका छन्।

## सुझाव

### १. सरकारलाई

- प्रतिनिधित्वको सवालमा समानुपातिक सिद्धान्त लागू गर्न खोजिएको हो कि आरक्षण त्यसलाई सबभन्दा पहिले प्रस्ट पारिनुपर्छ। राज्यले कुन समूहलाई के आधारमा कति प्रतिशत आरक्षण दिने भन्ने कुरा संविधानमा नै प्रष्ट लेखिनुपर्छ। भारतमा आरक्षणको न्यूनतम प्रतिशत तोकेर घटाउन नपाइने तर राज्यको कुनै निकायले बढाउन चाहेमा पाउने व्यवस्था रहेको छ। त्यस्तै प्रावधान सहितको नीति तय गरिनुपर्छ।

- सेवासुविधा दिंदा महिला, आदिवासी/जनजाति, मधेशी र दलितभित्र पनि आर्थिक-समाजिक रूपमा पछाडि परेका जातजातिको सूची सरकारले राजपत्रमा प्रकाशित गरी सोही बमोजिम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

- राज्यले विपन्नको परिभाषामा एकरूपता ल्याउनुपर्ने देखिन्छ।

- सरकारी स्तरबाटै दलित सन्बन्धी अहिलेसम्मको नीति र त्यसको कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी कार्यान्वयनमा भएका समस्या, त्यसका कारण र प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुपर्छ।

- मधेशी दलितले दलित कोटाबाट राज्यको सेवासुविधा लिने कि मधेशी कोटाबाट सो प्रस्ट पारिनुपर्छ।

- सरकारले दलितलाई प्रदान गर्ने सेवासुविधामा जनसंख्याको आधारमा मधेशी दलित पहुँच स्थापित हुनेगरी नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

**२. राष्ट्रिय दलित आयोग र विकास समितिलाई**

- दलित समुदायको सूचीकरण सरकारी निकायपिच्छे फरक-फरक पाइएकोले अहिलेको दलित सूची खारेज गरी दलित आयोगले वैज्ञानिक विधिमार्फत दलित समुदाय अन्तर्गतका विभिन्न जातिहरूको सूची तयार गरी कार्यान्वयनमा ल्याउनुपर्छ

- दलित विकास समतिले छात्रवृत्ति दिने नीतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ । दलितभित्र साक्षरता कम भएका दलित समुदायका सूची तयार गरी मधेशी दलितको जनसख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गरी त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- दलित सम्बन्धी नीति र कार्यान्वयन भएनभएको प्रभावकारी रूपमा अनुगमन गर्नुपर्ने देखिन्छ ।

**३. दलित नागरिक समाजलाई**

- दलित सम्बन्धी आवश्यक नीतिहरू बनाउन जोड दिनुका साथै बनिसकेका नीतिहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ

- दलित सम्बन्धी बनेको नीतिहरूको समीक्षा गरी आवश्यक नीतिहरू बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

- सरकारलाई दलित सम्बन्धित विरोधाभाषपूर्ण व्यवस्थाहरू प्रष्टता ल्याउन दबाब दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


केन्द्रीय तथ्यांक विभाग । २०६८ ।

किसान, यमबहादुर । २०६५ । *दलित अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था : एक विश्लेषण*। काठमाडौं राष्ट्रिय दलित आयोग ।

किसान, यमबहादुर । २०६८ । *दलित नीति नागरिक तथा राजनीतिक अधिकारका दृष्टिमा*। काठमाडौं: आरडीआईएफ (अधिकार, लोकतन्त्र तथा समावेशीकरण कोष) बेलायती र अन्य ।

किसान, यमबहादुर । सन् २०१२ । *लैंगिक तथा समाजिक समावेशीकरणको दृष्टिबाट विद्यमान नेपाली कानुनहरूको पुनरावलोकन तथा सुझाव*। काठमाडौं : संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ।

खनाल, संजयकुमार । २०७० । *नेपाल सरकारका दलित लक्षित नीति एवं कार्यक्रम र समाजिक संरक्षण*

*सम्बन्धी जानकारीहरूको सँगालो ।* काठमाडौं: नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ र अन्य ।

बागचन, रत्नबहादुर । २०६० । *दलित सम्बन्धी कानुनी प्रावधानहरूको सँगालो (मूल दफासहित टिप्पणी) ।* काठमाडौं: राष्ट्रिय दलित आयोग ।

विश्वकर्मा, बाबुराम । २०६५ । *दलित: ऐतिहासिक पक्ष, नीतिगत व्यवस्था, नेपालको योजनागत विकास अन्तरिम योजनाको बृहत् व्याख्या सहित ।* काठमाडौं: दलित सेवा संघ ।

दाहाल, डिल्लीराम र अन्य । सन् २००२ । *राष्ट्रिय दलित रणनीति प्रतिवेदन (श्री ५ को सरकार, राष्ट्रिय योजना आयोगका लागि) ।* काठमाडौं: एक्सन एड नेपाल र अन्य ।

राष्ट्रिय दलित आयोग । २०६७/२०६८ । काठमाडौं: दलित जातीय अनुसूची अद्यावधिक अध्ययन प्रतिवेदन ।

भट्टचन, कृष्ण, तेज सुनार र यशोकान्त भट्टचन (गौचन) । २०६५ । *नेपालमा जातीय भेदभाव*। काठमाडौं : दलित गैरसरकारी संस्था महासंघ, नेपाल र अन्य ।

लाम्गादे, भोजमान । २०६१ । *नेपालमा दलित मानव अधिकारको अवस्था-२००४ र कानुनी व्यवस्था ।* काठमाडौं: जन उत्थान प्रतिष्ठान ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । २०६९ । *उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन निर्देशिका ।* काठमाडौं: उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति ।

लोकसेवा आयोग । २०७१ । *लोकसेवा साप्ताहिक बुलेटिन,* वैशाख ३, वर्ष ३१ अंक ३९ ।

National Planning Commission and UNDP (United Nations Development Programme). 2014. “Nepal Human Development Report 2014.” Kathmandu.

Tribhuvan University Central Department of Sociology/Antropology. 2014. “The Nepal Multidimensional Social Inclusion Index, Diversity and Agenda for inclusive development”, Kathamandu, Nepal.